"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

**व्यास नगरपालिकाको ४५ औँ नगर सभामा प्रस्तावित**

# आर्थिक वर्ष २०८३/०८४ को
# राजश्व र व्ययको अनुमान (बजेट)


प्रस्तुतकर्ता :

श्री इन्दिरा दरै

नगर उपप्रमुख


मिति २०८३ असार १० गते


व्यास नगरपालिका

दमौली, तनहुँ

गण्डकी प्रदेश, नेपाल

**सभाध्यक्षज्यू,**
**सम्पूर्ण नगर सदस्यज्यूहरु,**

१. व्यास नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यक्रम सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्ति भएको छु । संघ र प्रदेश सरकारबाट प्राप्त हुने बजेटमा निर्भर हुनुपर्दा नगरको विकास निर्माण कार्यक्रममा नगरवासीको आकांक्षा पूरा गर्न कठिनाई भएको महशुस गरेको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना, २०८२ सालको सुशासन वहालीको आन्दोलनका क्रममा शहादत प्राप्त गर्नुहुने शहिदहरुप्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछु ।

३. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन एवं सम्बन्धित अन्य ऐन, दीगो विकासका लक्ष्यहरुको सीमामा रही यस नगर सभाबाट स्वीकृत नगरपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेटको तर्जुमा गरेको छु । साथै **"विविधतायुक्त गाउँ-शहर समृद्ध मेरो व्यास नगर"** भन्ने सोचलाई ध्यानमा राख्दै सामाजिक न्याय, दीगो विकास र उत्पादनमा वृद्धि गरी नगरवासीको अधिकतम हितलाई ध्यानमा राखी आर्थिक, सामाजिक रुपान्तरण हुने गरी बजेटको तर्जुमा गरिएको छ ।

४. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने र चालु खर्चमा मितव्ययीता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । साथै प्रशासनिक तथा प्राविधिक क्षमता, श्रोत तथा विनियोजनका बीचमा सन्तुलन हुने गरी श्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छ ।

५. यस बजेटमा नगरपालिकाको आफ्नो क्षेत्राधिकार भित्रको कर तथा गैरकर, राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखी तोकिएको समय सिमा मै विकास आयोजनाको नतिजामूलक कार्यान्वयन, सम्भाव्यता अध्ययन गरी लागत इष्टिमेट गराएर मात्र आयोजना सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

**अध्यक्ष महोदय,**

६. आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटले देहाय बमोजिमका उद्देश्य प्राप्तिमा केन्द्रीत हुने छन् :
   क. बाह्य तथा आन्तरिक श्रोतको अधिकतम परिचालन तथा व्यवस्थापन गर्नु ।
   ख. रोजगारीको अवसर सृजना गरी गरीबी न्यूनीकरण गर्नु ।
   ग. उत्पादनमा वृद्धि गरी नगरपालिकालाई आत्मनिर्भर र सवल बनाउनु ।
   घ. अधिकार क्षेत्र भित्रका नीति, कानुनको तर्जुमा तथा संगठनात्मक संरचनालाई सुदृढ गर्नु ।
   ङ. पूर्वाधार विकासमा सन्तुलित र सामाजिक न्यायपरक लैगिंक सन्तुलित लगानी गर्नु ।
   च. समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी संस्थागत क्षमता अभिवृद्धि गर्दै सुशासनको प्रवर्द्धन गर्नु ।

७. नगरपालिकाको मुख्य क्षेत्र कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, सिर्जनात्मक मानव पूँजी निर्माण तथा विकास र सुशासन हुन् भन्ने मान्यता लिई ती कार्यक्रमहरुलाई निरन्तरता दिई आगामी आर्थिक वर्षको बजेटमा निम्न क्षेत्रका लगानीलाई प्रमुख प्राथमिकता दिएको छ ।
   क. कृषि क्षेत्रको जैविक तथा आधुनिकीकरणमा विकास ।
   ख. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको प्रत्याभूति ।
   ग. पर्यटन क्षेत्रको एकीकृत विकास ।
   घ. सडक, खानेपानी, खेलकुद मैदान, कार्यालय भवन, पार्क निर्माण लगायतका पूर्वाधारको विकास ।
   ङ. उत्पादनमूलक उद्योगमैत्री कार्यक्रम ।
   च. मानव संशाधनको विकास र सुशासनको प्रत्याभूति ।

८. आगामी वर्ष वडावासी, नगरवासीहरुका विविध मागहरुलाई सम्भव भएसम्म समेट्ने प्रयास गरिएको छ । संघ, प्रदेशका योजनागत बजेट कार्यक्रमसँग नदोहोरिने गरी आन्तरिक श्रोत समेतका सीमाले सबै मागहरु समेट्न कठिनाई भएको छ । आगामी दिनमा स्रोत सीमा भित्र रहने गरी नगरवासीका मागलाई इमान्दारीपूर्वक सम्बोधन गरिने विश्वास दिलाउन चाहन्छु ।

९. २०८३ जेठ मसान्तसम्म आ.व.२०८२।०८३ का लागि तय भएका योजनाहरुमा उपभोक्त समिति मार्फत गरिएका ८३७ वटा योजना, ठेक्का लगाइएका ४२ वटा योजना गरी कुल ८७९ वटा योजनाहरु मध्ये कार्यसम्पन्न भएका

४८१ वटा योजना, सम्झौता भएका ३७२ वटा योजना र बाँकी २६ वटा रहेका छन् । यसरी हेर्दा कुल सम्पन्न प्रतिशत ५४.७२, सम्झौता भएका ४२.३२ प्रतिशत र बाँकी २.९६ प्रतिशत रहेका छन् । जेठ मसान्तसम्ममा कुल अनुमानित आयमा रु.१ अरब २२ करोड ५९ लाख ३० हजार २ सय २८ (७१.०६ प्रतिशत) आय प्राप्त भई चालुतर्फ ७३.३४ प्रतिशत र पूँजीगत तर्फ ३५.४४ प्रतिशत खर्च भएको जानकारी गराउँदछु ।

१०. व्यास नगरपालिकाको वडा नं.७, ९, १०, ११ मा रहेको विश्व बैंकको सहयोगमा सञ्चालित १०.५ कि.मी. बाटो स्तरीकरण गर्ने कार्यको हालसम्मको करिब ५० प्रतिशत प्रगति हुन आएको छ ।

११. देवीडाँडा चिसापानी, मानहुँकोट, कमेरेसाँध खानेपानीको अधुरा योजना सम्पन्न गर्ने व्यवस्था मिलाइने छ ।

१२. एशियाली विकास बैंक समेतको सहयोगमा आवधिक योजना, मध्यकालीन खर्च संरचना, कर प्रणाली सुधार र आयोजना बैंकको व्यवस्थापनमा ध्यान दिइएको छ ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८१/०८२ को यथार्थ आयव्यय, चालु वर्ष २०८२/०८३ को संशोधित आयव्यय र आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आयव्यय बजेट प्रस्तुत गर्न चाहन्छु ।

१३. आर्थिक वर्ष २०८१/०८२ को यथार्थ आयमा आन्तरिक श्रोतबाट रु.१७ करोड ३५ लाख ८५ हजार ७२ रुपैयाँ, संघीय सरकारबाट प्राप्त अनुदान रकम रु.९२ करोड ५९ लाख ७१ हजार ५४ रुपैयाँ, गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रु.५ करोड ५७ लाख ८९ हजार १ सय ६० रुपैयाँ, अन्य निकायबाट प्राप्त रकम रु.५ करोड ३७ लाख २७ हजार ३ सय ४४ रुपैयाँ, जनसहभागिता नगद र संचित कोषमा अघिल्लो वर्षको अल्या रकम रु.८ करोड ७५ लाख ५४ हजार ८ सय ४२ रुपैयाँ गरी जम्मा आय रु.१ अरब २९ करोड ६६ लाख २७ हजार ४ सय ७२ रुपैयाँ रहेको छ । खर्चतर्फ चालु खर्च रु.८६ करोड १९ लाख ३३ हजार ४ सय ७६ रुपैयाँ र पूँजीगत खर्च रु.३८ करोड ८८ लाख ३८ हजार ३ सय ४१ रुपैयाँ गरी जम्मा खर्च रु.१ अरब २५ करोड ७ लाख ७१ हजार ८ सय १७ रुपैयाँ रहेको थियो । जसको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

१४. चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्तसम्म कुल यथार्थ आय रु.१ अरब २२ करोड ५९ लाख ३० हजार २ सय २८ रुपैयाँ र कुल व्यय रु.९७ करोड २६ लाख १० हजार ९ सय ३९ रुपैयाँ हुन आएको छ । यस अघि २०८२ पौषमा भएको चौवालीसौं नगर सभाबाट पारित चालु आर्थिक वर्ष २०८२/०८३ को संशोधित आय अनुमानमा संघ सरकारबाट प्राप्त अनुदान रु.१ अरब २७ करोड ६९ लाख ४३ हजार १ सय १९ रुपैयाँ, गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रु.५ करोड २९ लाख ७४ हजार ९ सय ९० रुपैयाँ, अन्य आयबाट प्राप्त रकम रु.१४ करोड ७९ लाख ३० हजार ७ सय ३५ रुपैयाँ, आन्तरिक श्रोतबाट प्राप्त रकम रु.२० करोड, लागत सहभागिताबाट र अघिल्लो वर्षको अल्या गरी रु.४ करोड ७३ लाख ५५ हजार ६ सय ५६ गरी कुल रु.१ अरब ७२ करोड ५२ लाख ४ हजार ५ सय रुपैयाँ आय अनुमान रहेको छ भने संशोधित चालु खर्च अनुमान रु.९५ करोड २९ लाख ८४ हजार र संशोधित पूँजीगत खर्च अनुमान रु.७७ करोड २२ लाख २० हजार ५ सय गरी जम्मा रु.१ अरब ७२ करोड ५२ लाख ४ हजार ५ सय रुपैयाँ संशोधित खर्च अनुमान गरिएको छ । जसको विवरण अनुसूची २ मा समावेश गरिएको छ ।

**आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम निम्नानुसार प्रस्ताव गर्दछु ।**

१५. चालु वर्षमा विनियोजित रकम अनुसार राजश्व सङ्कलनमा कमी र संघ प्रदेशको नवप्रवर्तनीय अनुदानमा कटौती हुँदा विकास आयोजनाहरुले गति लिन नसकी यस वर्ष सम्झौता भइसकेका तर सम्पन्न हुन नसकेका चालु अवस्थामा रहेका अधुरा योजनाहरुमा रकम विनियोजन गरेको छु ।

१६. आ.व.२०८३।०८४ का लागि क्षेत्रगत रुपमा -**आर्थिक विकास**तर्फ रु.४ करोड २ लाख ३४ हजार (२.६८ प्रतिशत), **सामाजिक विकास**तर्फ रु.७२ करोड २९ लाख ९१ हजार (४८.१४ प्रतिशत), **पूर्वाधार विकास**तर्फ रु.२६ करोड २ लाख २५ हजार (१७.३३ प्रतिशत), **वातावरण तथा विपद् व्यवस्थापन**तर्फ रु.४ करोड ८७ लाख (३.२४ प्रतिशत), **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** तर्फ रु.४२ करोड ९८ लाख ५१ हजार (२८.६१ प्रतिशत) समेत जम्मा रु.१ अरब ५० करोड २० लाख १ हजार बजेट विनियोजन गरेको छु । विस्तृत बजेटको शीर्षकगत

विवरण अनुसूची ३ मा उल्लेख गरेको छु । यस वर्षको बजेटमा पनि सामाजिक सुरक्षा भत्ता लगायत संघीय कानुनी प्रकृयाबाट भुक्तानी हुने रकम यसमा समावेश गरिएको छैन । उक्त रकम रु.३२ करोड हुने अनुमान रहेको छ ।

१७. आ.व.२०८३।०८४ का लागि विनियोजित बजेट रकम रु.१ अरब ५० करोड २० लाख १ हजार मध्ये चालु खर्च तर्फ रु.१ अरब २ करोड ३७ लाख ६२ हजार विनियोजन गरेको छु, जुन कुल बजेटको ६८.१६ प्रतिशत हुन आउँछ भने पूँजीगत तर्फ रु.४७ करोड ८२ लाख ३९ हजार विनियोजन गरेको छु, जुन कुल बजेटको ३१.८४ प्रतिशत हुन आउँछ ।

१८. माथि लेखिए बमोजिम खर्च व्यहोर्ने श्रोतका लागि तल लेखिए बमोजिम अनुमानित कुल रु.१ अरब ५० करोड २० लाख १ हजारको आय प्रस्ताव गरेको छु ।

- संघ सरकारको सशर्त चालु अनुदान रु.६१ करोड ८० लाख रहेको छ ।
- आन्तरिक श्रोतको आयबाट रु.२० करोड रहेको छ ।
- संघ सरकारको वित्तीय समानीकरण अनुदान रु.१८ करोड ६० लाख रहेको छ ।
- संघ सरकारको राजश्व बाँडफाँडबाट रु.१५ करोड ३२ लाख ७७ हजार रहेको छ ।
- संघ सरकारको सशर्त पूँजीगत अनुदान रु.१३ करोड ४० लाख रहेको छ ।
- राजश्व बाँडफाँड अन्तर्गत मालपोत रजिष्ट्रेशनबाट रु.७ करोड रहेको छ ।
- नगर विकास कोष ऋणबाट रु.३ करोड ५० लाख रहेको छ ।
- प्रदेश वित्तीय समानीकरण अनुदान रु.२ करोड ५० लाख ५ हजार रहेको छ ।
- अल्या सञ्चित कोषबाट रु.२ करोड १० लाख रहेको छ ।
- प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु.१ करोड ८१ लाख ६५ हजार रहेको छ ।
- संघ सरकारको सडक बोर्ड नेपालबाट रु.७० लाख रहेको छ ।
- संघ सरकारको नवप्रवर्तनीय कार्यक्रमबाट रु.७० लाख रहेको छ ।
- प्रदेश सरकारको नवप्रवर्तनीय कार्यक्रमबाट रु.७० लाख रहेको छ ।
- संघ सरकारको समपूरक अनुदान रु.५० लाख रहेको छ ।
- जिल्ला समन्वय समिति कोष सहयोग अनुदान रु.५० लाख रहेको छ ।
- प्रदेश समपूरक अनुदान रु.४५ लाख ५४ हजार रहेको छ ।
- प्रदेश सरकारको विशेष अनुदान रु.४० लाख रहेको छ ।
- जनसहभागिता नगदबाट रु.२० लाख रहेको छ ।

विस्तृत विवरण अनुसूची ४ मा संलग्न छ ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३/०८४ को लागि राजश्वका सङ्कलनका मुख्यमुख्य नीतिहरु प्रस्तुत गर्दछु ।

१९. व्यास नगरपालिका क्षेत्रभित्रको करको दरमा हेरफेर गरी करको दायरा फराकिलो पार्दै आन्तरिक राजश्व वृद्धि गर्न कर तथा गैरकर राजश्वको अधिकत्तम परिचालन गर्ने नीति लिइएको छ । कर तथा गैरकर राजश्व सङ्कलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ ।

२०. सेवा शुल्क र दस्तुरका दर, व्यवसाय कर, सम्पत्ति कर एवं भूमि कर, घर नक्सा पास दस्तुर, खानीजन्य ढुंगा, गिटी, वालुवा, ग्राभेल, रोडा, स्लेट ढुंगा, खरी, चुनढुंगा, ब्लक, इट्टा, कटिङढुंगा, कवाडी सामान र काठ आदिमा लिइने दस्तुरको दायरा फराकिलो पारिनुका साथै प्रदेश कानुनमा उल्लेख भएको सोही अनुसार र प्रदेश कानुनमा उल्लेख नभएको विषयमा नगर सभाले तोके बमोजिम कर निर्धारण गरेको छु ।

२१. प्रत्येक शैक्षिक संस्थाबाट छनौट भई आएका विपन्न एवं जेहन्दार विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था मिलाएको छु ।

२२. कर तथा दस्तुरहरु नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघ तथा गण्डकी प्रदेश सरकारको कानुनसँग नबाझिने गरी प्रस्ताव गरिएको छ । साथै २०८३ पौष मसान्त भित्र सम्पत्ति कर, व्यवसाय कर, बहाल

कर (घर भाडा) बुझाउन आउने करदातालाई १० प्रतिशत छुट दिने र हालसम्म कर नतिरी बसेका करदाताहरुलाई २०८३ आश्विन मसान्त भित्र तिरेमा जरिवाना रकममा छुट दिइने प्रस्ताव पेश गरेको छु ।

२३. कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक, २०८३ यसै साथ प्रस्तुत गरेको छु । कर सम्बन्धी प्रस्ताव सम्वत् २०८३ श्रावण १ गतेबाट लागु हुने व्यवस्था मिलाएको छु ।

२४. कृषि व्यवसायसँग सम्बन्धित पुशपंक्षी, माछा, फलफूल, तरकारी, दुध आदिमा स्थानीय उत्पादनमा लाग्ने निकासी करलाई व्यवस्थित गर्ने प्रस्ताव पेश गरेको छु । साथै दुग्ध सहकारी संस्था मार्फत बिक्री हुने दुध र सहकारी मार्फत बिक्री हुने खसिबोकामा दिइदैं आएको उत्पादन अनुदान दुधमा प्रति लिटर रु.२। र खसिबोकामा प्रति किलो रु.२०। किसानलाई दिने कार्यक्रमलाई निरन्तरता दिन प्रस्ताव गरेको छु ।

२५. व्यास नगरपालिका भित्र सामुदायिक विद्यालयमा रहेका लेखापाल, कार्यालय सहयोगी र बाल विकास शिक्षक, सिकाई केन्द्रका शिक्षकहरुलाई संघीय सरकारको पारिश्रमिकमा थप पारिश्रमिक दिने व्यवस्थालाई निरन्तरता दिन प्रस्ताव गरेको छु ।

२६. यस वर्ष सम्पन्न भएका र चालु रुपमा रही भुक्तानी हुन बाँकी योजनाहरुको भुक्तानीका लागि रकमको व्यवस्था गरेको छु ।

२७. एकीकृत शहरी विकास योजनामा कृषि, पर्यटन, शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखिएको स्मरण गर्दै यस वर्ष नगरपालिकाले बैरेनी जग्गा विकास आयोजना, नारेश्वर ताल निर्माण आयोजना एवं वडा कार्यालय भवन निर्माणलाई बजेट व्यवस्था गरेको छु ।

२८. उपभोक्ताले गर्ने कार्यमा ३ प्रतिशत मात्र कन्टिन्जेनसी काट्ने प्रावधानलाई यथावत राखिएको छ ।

२९. वडा र नगरपालिकाले विनियोजन गरेका रु.१० लाखभन्दा कमका योजनामा उपभोक्ता लागत सहभागितामा शहरी वडामा १५ प्रतिशत, अर्धशहरी वडामा १० प्रतिशत र ग्रामिण वडामा ५ प्रतिशत रहने कानुनी प्रावधानलाई यथावत कायम गर्ने प्रस्ताव गरेको छु ।

३०. अधुरा योजनाहरु सम्पन्न गर्न र नयाँ योजनाहरु लागत सहभागितामा सञ्चालित हुने गरी बजेट व्यवस्थापन गरेको छु ।

३१. बजेट निर्माणमा सहयोग पुऱ्याउनु हुने व्यास नगरपालिकाका जनप्रतिनिधि, पूर्व प्रतिनिधि, कर्मचारी, नागरिक समाज, राजनैतिक दलका प्रतिनिधि, टोल विकास संस्था, निजी क्षेत्र, अन्य सरकारी तथा गैरसरकारी संस्था तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक धन्यवाद प्रकट गर्दै यो बजेट कार्यान्वयन गर्नमा नेपाल सरकार, गण्डकी प्रदेश सरकार, व्यास नगरपालिकाका सबै शाखा र सम्पूर्ण नगरवासीको सहयोग एवं सद्भाव प्राप्त हुने नै छ भन्ने आशा एवं विश्वास लिएको छु ।

धन्यवाद ! जयनेपाल !!